नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : प्रशासन/२०७९/०८०

चलानी नं: ८८०

सिंहदरबार, काठमाडौं

मितिः २०७९/१२/२१

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं ।
श्री पुरातत्व विभाग, रामशाह पथ, काठमाडौं ।
श्री राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं ।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं
श्री भाषा आयोग, शङ्खमुल, काठमाडौं ।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
श्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी ।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं ।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं ।
श्री सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं ।
श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा ।
श्री हनुमानढोका दरवार संग्रहालय विकास समिति ।
श्री पाटन दरवार संग्रहालय विकास समिति ।
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, काठमाडौं
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, काठमाडौं ।
श्री नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, काठमाडौं ।
श्री तारा गाउँ विकास समिति, काठमाडौं ।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, ललितपुर
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी ।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ ।
श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ ।
श्री पाथीभरा क्षेत्र विकास समिति, ताप्लेजुङ ।
श्री केचना कञ्चनजङ्घा पर्यटन विकास समिति, इलाम ।
श्री आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँ ।
श्री नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, काठमाडौं ।
श्री बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं ।
श्री मनकामना क्षेत्र विकास समिति, गोरखा ।

**विषय :- वैदेशिक भ्रमण मनोनयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालय र अन्तर्गत सम्बद्ध निकायबाट हुने वैदेशिक भ्रमणको विषयवस्तुको सान्दर्भिकता, उपयुक्तता, आवश्यकता, औचित्य र प्राथमिकताका आधारमा भ्रमणमा जाने पदाधिकारीको मनोनयन गरी वैदेशिक भ्रमणलाई फलदायी बनाउन, वैदेशिक भ्रमणलाई उपयोगी, नतिजामूलक, मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउन, वैदेशिक भ्रमणको विषय, विवरण तथा यसको अभिलेख अध्यावधिक गर्न, वैदेशिक भ्रमण सम्बन्धमा संस्थाको हित अनुकूल हुने गरी प्राथमिकताका आधारमा निर्णय गर्न, भ्रमणबाट प्राप्त अनुभव, असल अभ्यास तथा सिकाईलाई संस्थागत बनाई उपयोगमा ल्याउन र वैदेशिक भ्रमण सम्बन्धी पुनः निर्णय गर्दा यस्ता विषयहरुलाई आधार लिन समेत जरुरी देखिएको छ ।

सरकारी खर्चको मितव्ययिता सन्दर्भमा आ 80/2079 .व.को बजेट वक्तव्यमा सरकारी निकायका कम्तीमा १० प्रतिशत दरवन्दी कटौती गर्ने, अत्यावश्यक बाहेकका नयाँ दरवन्दी थप नगर्ने तथा प्रशासनिक खर्च न्यूनतम १५ प्रतिशतले घटाउने गरी बजेट कार्यान्वयन गर्ने प्रावधान समेत रहेको, हालसालै प्राप्त अर्थ मन्त्रालयको निर्देशन बमोजिम यस मन्त्रालयको च.नं. १४६ मिति २०७९।१०।२४ को पत्रबाट समेत खर्च कटौती गर्ने प्रयोजनको लागि भएको निर्देशन तथा नेपाल सरकार (मं.प.) को मिति २०७९।११।३० को निर्णयानुसार अत्यावश्यक अवस्थामा बाहेकका अन्य अवस्थामा वैदेशिक भ्रमण नगर्ने भनी यस मन्त्रालयको मिति २०७९।१२।१० को पत्रबाट गरिएको परिपत्र कार्यान्वयन भएकै होला ।

वैदेशिक भ्रमण गर्ने एवं मनोनयन गर्ने सन्दर्भमा संस्थाको प्रचलित कानूनी व्यवस्थामा निश्चित कानूनी अधिकार र आधार रहेको हुन सक्छ । उक्त कानूनी प्रावधानको मितव्ययी प्रयोग र व्यवहारिक कार्यान्वयन गर्न आवश्यक देखिन्छ । संस्थाको प्रचलित कानुनमा रहेको अधिकारको प्रयोगलाई मितव्ययी बनाउने प्रयास भइरहेको वर्तमान परिप्रेक्ष्यमा समयानुकूल र व्यवहारिक पनि बनाउनुपर्ने अवस्था सिर्जना भएको छ । अत्यन्त जरुरी र सहभागी नभइनहुने कार्यक्रममा मात्र सिमित प्रतिनिधिबाट सहभागिता रहनेगरी अन्य कार्यक्रमहरुमा हुने सहभागितालाई कटौती गर्नुपर्ने अवस्था समेत देखिएको छ ।

मन्त्रालय अन्तर्गतका सम्बद्ध निकायहरुबाट वैदेशिक भ्रमणको मनोनयन गर्दा आवश्यकता र औचित्य पुष्टी हुन नसक्ने विषय/कार्यक्रमहरुमा सहभागिता रहने गरी मनोनयन हुने गरेको, कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी सहभागिता नजनाइ नहुने कार्यक्रमहरुमा मात्र सहभागिता रहने गरी मनोनयन गर्नुपर्नेमा प्राथमिकताका आधारमा मनोनयन हुने नगरेको, कार्यक्रम र सहभागिता

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : प्रशासन/२०७९/०८०

चलानी नं. ८८०

सिंहदरबार, काठमाडौं

रहनुपर्ने विषयसँग समबन्धित विषयविज्ञको मनोनयन नभई असम्बन्धित पदाधिकारीको समेत मनोनयन हुने गरेको, ज्येष्ठ, अवसर नपाएका, क्षमता वृद्धि तथा संस्थाको लक्षित उद्देश्य प्राप्तिमा सहयोग पुग्ने र आर्थिक रुपमा सम्भाव्य कार्यक्रमहरुमा सहभागी हुनुपर्ने जस्ता प्रारम्भिक विषयहरुलाई मनोनयनको आधार बनाउने नगरेको, संस्थाको आन्तरिक स्रोतको उच्चतम उपयोग गरी उपलब्धिमूलक क्षेत्रमा खर्च गर्नुपर्नेमा अपारदर्शी ढंगबाट वैदेशिक भ्रमणमा खर्च गर्ने गरेको, कतिपय प्रतिष्ठान/निकायहरुमा विद्यार्थीबाट उठाइएको नियमित शुल्क रहेको कोषबाट समेत वैदेशिक भ्रमण गर्ने गरेको, नेपाल सरकारबाट उपलब्ध गराइएको अनुदान रकमलाई समेत तोकिएको क्षेत्रमा खर्च नगरी वैदेशिक भ्रमणमा खर्च गर्ने गरेको, कतिपय निकायहरुले मितव्ययिता, छरितोपना एवं चुस्त दुरुस्त जस्ता किफायती भ्रमण कार्यक्रम बनाउनुपर्नेमा संस्थाको हितमा नभई व्यक्तिगत स्वार्थ केन्द्रित कार्यक्रम तयार गरी युरोप, अमेरिका, अष्ट्रेलिया जस्ता विकसित देशमा भ्रमण कार्यक्रम तय गर्ने गरेको, भ्रमणको उद्देश्य र लक्ष्य अनुरुप भ्रमण कार्यक्रम सम्पन्न भए नभएको विषयमा भ्रमण प्रतिवेदन पेस गर्ने र त्यसलाई संस्थाको हित अनुकूल कार्यान्वयन गर्नुपर्नेमा सो गर्ने नगरेको, नेपाल सरकारको नीति, निर्णय र मन्त्रालयको निर्देशन विपरीत वैदेशिक भ्रमणको मनोनयन गर्ने गरेको जस्ता विषयहरु आइरहेका छन् । यस्ता अपारदर्शी, अव्यवस्थित, कानुन एवं निर्देशन विपरीतका कार्य, खर्चमा बढोत्तरी हुने खालका कार्यक्रमहरुलाई मितव्ययी, कानुनसम्मत, व्यवस्थित र फलदायी बनाउनुपर्ने भएकाले अबदेखि वैदेशिक भ्रमण मनोनयन गर्दा देहाय अनुरुप गर्ने गराउने व्यवस्था अनिवार्य रुपमा लागू गर्ने नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७९।१२।२१ को निर्णयानुसार अनुरोध छ ।

१. वैदेशिक भ्रमण गर्ने कार्यलाई फलदायी, उपलब्धिमूलक बनाउन मितव्ययी, व्यवस्थित, कानुनसम्मत एवं वर्तमान परिप्रेक्ष्यमा व्यवहारिक बनाउन संस्थाको हित अनुकूल हुनेगरी उच्च प्रतिफलयुक्त बनाउने ।

२. कानूनी रुपमा मनोनयन गर्ने अधिकार अन्तर्गत निकायमा रहेता पनि खर्च कटौति गर्ने र सरकारी खर्चलाई मितव्ययी बनाउने वर्तमान सन्दर्भमा मन्त्रालय अन्तर्गत सम्बद्ध निकायहरुबाट वैदेशिक भ्रमणको मनोनयन गर्दा अनिवार्य रुपमा मन्त्रालयको सहमति लिएर मात्र वैदेशिक भ्रमणको मनोनयन गर्ने ।

३. उल्लिखित निर्देशन कार्यान्वयन नगरी खर्च बढोत्तरी हुने, निर्देशन विपरीत वैदेशिक भ्रमणको मनोनयन गरेमा सोको जिम्मेवारी मनोनयन गर्ने पदाधिकारी हुनुपर्ने, यस्तो मनोनयनबाट संस्थालाई पर्न गएको क्षति मनोनयन गर्ने पदाधिकारीले नै व्यहोर्नुपर्ने ।

४. वैदेशिक भ्रमण पश्चात ७ दिनभित्र अनिवार्य रुपमा मन्त्रालयमा भ्रमण प्रतिवेदन पेस गर्ने । प्रतिवेदनमा संस्थाको सुधारका लागि कार्यान्वयनयोग्य सुझावहरु सुझाइएको हुनुपर्ने । उक्त प्रतिवेदन कार्यान्वयनको नियमित मन्त्रालयमा प्रतिवेदन गर्ने ।

५. वैदेशिक भ्रमणलाई मितव्ययी र फलदायी बनाउने कार्य कार्यसम्पादनसँग समेत जोडिएको विषय भएकोले उल्लिखित निर्देशन कार्यान्वयन नभएमा कार्यसम्पादन मूल्यांकन गर्दा यस विषयलाई पनि आधार लिइने ।

टेकनारायण पौडेल
उपसचिव

सादर अवगतार्थः

माननीय मन्त्रीज्यूको निजी सचिवालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

माननीय राज्य मन्त्रीज्यूको निजी सचिवालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

श्रीमान् सचिवज्यूको सचिवालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।